मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र ७ गते शनिबार ❑ 23 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## गण्डकी प्रदेश सरकारलाई राजश्व बृद्धि गर्न तर्फ केन्द्रित हुन मन्त्री गुरुङको सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भाद्र

नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले गण्डकी प्रदेश सरकारलाई राजश्व बृद्धि गर्न तर्फ कन्द्रित हुन आग्रह गर्नु भएको छ।

प्रेस चौतारी कास्कीले शुक्रबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उहाँले गण्डकी प्रदेश सरकारलाई जिल्लामा पुगेका कार्यालयहरु खारेज र मर्ज गर्नु भन्दा राजश्व बृद्धि गर्न तर्फ केन्द्रित हुन सुझाव दिनु भएको हो।

जनताको अधिकार घर घरमा, सिंह दरवाको अधिकार घर घरमा भन्ने तर प्रदेशको राजधानि पोखरामा सबै अधिकार राखेर संघियता बलियो नहुने गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री समेत रहनु भएको मन्त्री गुरुङको आशय थियो। आफुले केन्द्रसंग सघर्ष गरेर स्थापना गरिएका जिल्लाका कार्यालयहरु हटाउनु त केही मर्ज गर्नु संघियताको मर्म विपरित भएको बताउदै उहाँले प्रदेश सरकारलाई मन्त्रालय घटाउन चुनौती दिनुभयो।




खानेपानीका धेरै योजनाहरु प्रदेश र संघका योजनाहरु समेत भएकोले यस्ता कार्यालय प्रति प्रदेश सरकार संवेदनशिल हुनु पर्ने उहाँको भनाई थियो। मन्त्री गुरुङले स–साना तथा कुटिर उद्योग दर्ता गर्न जिल्लामै हुनु पर्ने अधिकार प्रदेश सरकारले पोखरामा केन्द्रित गरेर प्रदेश सरकार संघियताको मर्म विपरित उल्टो बाटो हिडेको आरोप थियो। कसलाई कसरी व्यबस्थित गर्ने भन्दा पनि संस्था तथा केही प्रदेशमा संरचना हटाएर गण्डकी प्रदेशसकारले बहादुरी देखाएको मन्त्री गुरुङले टिप्पणी गर्नुभयो। गाउँ गाउँको खानेपानी आयोजना पूरा गर्न पोखरामा स्थापना भएको कार्यालयले सक्छ भन्दै प्रश्न गर्दै उहाँले जनताको अधिकार गाउँ गाउँसम्म पुर्‍याउन पनि जिल्लामा स्थापना गरिएका कार्यालयहरुलाई ब्यबस्थापन गर्नुपर्नेमा हटाउनु त केही मर्ज गर्नु गलत अभ्यास भएको तर्क गर्नु भयो।

नेपालको चुच्चे नक्सामा समेटिएको नेपालकै भुभाग लिपुलेकबाट नेपाल सरकार पछाडि नहटेको त्यसको उचित ढंगबाट कुट्नीति तबरले अगाडी बढाउने मन्त्री गुरुङले जनाउनु भयो। भारत र चीनले नेपालको भूमि लिपुलेकपासबाट व्यापार पुनः सुरु गर्ने सहमति गरेपछि फेरि एक पटक विवाद सतहमा आएको भन्दै उहाँले यस विषयमा परराष्ट्र मन्त्रालयले कूटनीतिक नोट जारी गरेको उल्लेख गर्नुभयो। नेपालको निषेधित क्षेत्रभित्र व्यापारका लागि करिडोर बनाउने बारे नेपालको चासोको विषय भएको मन्त्री गुरुङले जनाउनु भयो।

सामाजिक सञ्जाललाई नियन्त्रण नभई नियमन गर्न खोजेको बताउदै मन्त्री गुरुङले सामाजिक सञ्जालमा देखिने विकृति र विसंगति रोक्न 'सामाजिक सञ्जाल सञ्चालन, प्रयोग र नियमन विधेयक' ल्याउन लागिएको जनाउनु भयो। मन्त्री गुरुङले उपसभामुख इन्दिरा रानालाई पदबाट हटाउने विषयमा सत्ता गठबन्धनभित्र कुनै सहमति नभएको बताउदै आवश्यक परे सभामुख तथा उपसभामुख परिवर्तन हुन सक्ने बताउनु भयो। रास्वपा सरकारमा हुँदा राना उपसभामुख हुनु भएको तर अहिले परिस्थिति बदलिएको उहाँले जनाउनु भयो। आफ्ना मन्त्रालयसँग सम्बन्धित सबै कानुनलाई समय सापेक्ष बनाउन संशोधनको तयारी भई रहेको मन्त्री गुरुङले जनाउनु भयो। शक्ता संचालनको लागि राजनीतिक दलहरुले शक्ति प्रर्दश गर्ने उहाँको भनाई थियो। निजामति ऐन र प्रहरी ऐन ल्याउने तयारी भएको मन्त्री गुरुङले जनाउनु भयो।

## तीज नेपाली महिलाहरुको सम्मानको पर्व हो : प्रचण्ड

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भाद्र

नेकपा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तीज नेपाली महिलाहरुको सम्मानको पर्व रहेको बताएका छन्। 'हाम्रो सँस्कृति हाम्रो पहिचान लोपोन्मुख सस्कृति जोगाउने हाम्रो अभियान' भन्ने नाराका साथ नेपाली महिलाहरुको महान पर्व हरितालिका तीजको अवसर पारि पोखरा महानगरपालिका वडा नम्बर १ स्थित पुरानो टुँडिखेलमा शुक्रबारदेखि सुरु तेस्रो संस्करणको ऐतिहासिक टुँडिखेल तीज महोत्सव २०८२ को उद्घाटन गदै प्रचण्डले सो कुरा बताएका हुन्।

टुँडिखेलस्थित इन्द्रेणी एकिकृत विकास केन्द्रको आयोजना र विद्युतीय सवारी निर्माता कम्पनीले बीवाईडीको मुख्य प्रायोजनमा सुरु महोत्सव १५ भदौसम्म संचालन हुने छ। तीज मौलिक पर्व रहेकाले यस्लाई मौलिक पर्वको रुपमा मनाउन आग्रह गदै प्रचण्डले तीज नेपाली महिलाहरुको सम्मानको पर्व रहेको बताएका थिए। पोखराको पुरानो टुँडिखेल समेत आफैमा ऐतिहासिक स्थान रहेको र यो पोखराको लागि गर्भ गर्ने स्थान मध्येको एक रहेको बताएका थिए। फरक प्रंसगमा प्रचण्डले सबै खालका सामाजिक विभेदहरुको अन्त्य गरेर समाजिक न्यायको एउटा नयाँ अभियानमा आफुहरु रहेको बताएका थिए। उनले भने हामी भएका सबै खालका कुशासनको अन्त्य गरेर शुसासन कायम गर्ने एउटा नयाँ अभियानमा पनि छौ। हामी सबै खालका आर्थिक पछ्यौटेपनको अन्त्य गरेर आर्थिक समृद्धिको नयाँ अभियान लिएर अगाडी बढेको पनि छौ।



अर्को प्रंसगमा प्रचण्डले भने हामी सबैलाई थाहा छ, फेरि पनि अझै पनि धेरै थुपै समस्या, चुनैती संग हामीले जुध्न परेको छ। मलाई लाग्छ यस्ता कार्यक्रमहरुले हामी सबैमा नकारात्मक भाव हैन् सकारात्मक भाव पैदा गर्न, विभाजन र भू केन्द्रित मनोविज्ञान हैन् एकीकृत र केन्द्रिकृत मनोविज्ञान पैदा गर्ने प्रचण्डको भनाई थियो। नेपाल आफैमा विविधतामा एकताको सुन्दर फुलवारी हो भन्ने हामी सबैले महशुस गरेका छौ। कास्की जिल्ला आफैमा एउटा सुन्दर जिल्लाको रुपमा, पोखरा महानगर आफैमा विश्वभर प्रशिद्ध पर्यटकीय गन्तब्यको रुपमा परिचित रहेकाले यस्लाई अझै सपार्ने दायीत्व हामी सबैको काधमा रहेकाले प्रकृतीले बनाएको यो सुन्दर नगर र जिल्लालाई मानविय श्रमदारा अझ सुन्दर र विकसित बनाउन सबै एकजुट हुन आवश्यक रहेको प्रचण्डको सुझाव थियो। अर्को प्रंसगमा प्रचण्डले इन्द्रेणीले गरेको विभिन्न सामाजिक कामको प्रशसा गदै, अब गर्ने कामहरुमा आफनो तर्फबाट गर्न सक्ने सहयोग गर्ने बताएका थिए। कार्यक्रममा दुई जनालाई सम्मान गरिएको थियो। श्रष्टा सम्मानतर्फ गोविन्द कोईराला र शिक्षा क्षेत्रका उल्लेख्य योगदान दिए वापत स्वर्गिय सिद्धी गौचनलाई सम्मान गरिएको थियो।

महोत्सव उद्घाटन पूर्व पुरानो टुँडिखेलबाट विभिन्न संघ संस्था, आमा समुह, विद्यालय, जातजाति लगायतको सहभागितामा झाकी सहितको र्‍याली निकालिने थियो। टुँडिखेलबाट सुरु र्‍याली वडाका विभिन्न स्थानको परिक्रमा पछि पुनः महोत्सव स्थल टुँडिखेलमा आएर उद्घाटन शत्रमा परिणत भएको थियो।

## निजी विद्यालयका वस सडकमा गुडाएर देशभर विरोध प्रदर्शन

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भाद्र

नेपाल सरकारले ल्याउन लागेको संघीय शिक्षा ऐनको विरोधमा यतिवेला देशभरका निजी तथा आवासीय विद्यालय आन्दोलित भएका छन्।

संघीय शिक्षा ऐनमा ल्याउन लागिएको निजी तथा आवसीय विद्यालयलाई गैर नाफा मुलक बनाउने र पूर्ण छात्रवृत्तिलाई हटाउन माग गर्दै आन्दोलित वनेका हुन्। प्याव्सन, एन प्याव्सन, हिसान र अपेनले संयुक्तरुपमा आन्दोलनका कार्यक्रम घोषणा गरी आन्दोलन गरेका छन्। पूर्ण छात्रावृत्ति भन्ने शव्द हटाइनु पर्ने, विद्यालयहरुमा उत्पादन नहुने सामाग्रीहरु जस्तै पोशाक, स्टेशनरी, शैक्षिक सामाग्री, खाना, खाजा प्रावधान खारेज गुर्नपर्ने, कम्पनी ऐन अनुसार दर्ता भई सञ्चालनमा रहेका विद्यालयहरुलाई गैर नाफमुलक बनाउँदै लगिने भन्ने



प्रावधान हटाइनुपर्ने माग निजी तथा आवसीय विद्यालयको रहेको छ। त्यसैगरी छात्रवृत्ति वितरणको अधिकार सम्बन्धित विद्यालयमा रहनुपर्ने, पालिका प्रतिनिधिको सहभागितामा एक पारदर्शी समिति गठन गरी वितरण गर्ने सकिने व्यवस्था गरिनुपर्ने, छात्रवृत्ति सम्बन्धी ऐन २०२१ को दफा ३(क), नियमावली २०६० को नियम १०(क) मा ४५ प्रतिशत आरक्षण छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा केही नेपाल ऐन संसोधन गर्ने ऐन २०७७ ले ११ वटा विश्वविद्यालयमा कक्षा ६ देखि १० सम्म सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीले मात्र उच्च शिक्षा तथा सिटीइभिटी कार्यक्रम अन्तर्गत अध्ययन गर्न पाउने व्यवस्था भएको विभेदकारी उल्लेखित ऐन नियमका दफाहरु खारेज गरिनुपर्ने माग राखेका छन्।

यसैको विरोधमा शुक्रबार देशभरका निजी तथा आवसीय विद्यालयका वसहरु कालो झण्डा र कालो व्यानर सहित सडकमा गुडाएर शान्तिपूर्ण विरोध गरेका छन्। कास्कीमा पनि निजी तथा आवासीय विद्यालयले संघीय शिक्षा ऐनको विरोधमा शान्तिपूर्ण विरोध स्वरुप विद्यालयका वसहरुलाई सडकमा गुडाएर प्रदर्शन गरेका छन्। संघीय शिक्षा ऐनमा निजी विद्यालय वन्द गर्ने गरी ल्याउन लागिएको नितिका विरुद्धमा शुक्रबार विद्यालयका वस सडकमा गुडाएर शान्तिपूर्ण विरोध गरेको एन प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी जानकारी दिए। कास्कीका रहेका निजी तथा आवसीय विद्यालयका वसहरुका पो खराका विभिन्न ठाउँमा परिक्रममा गरि विरोध प्रदर्शन गरेका थिए।

## डेङ्गी सङ्क्रमण बढ्दै

**रासस**
काठमाडौं, ६ भाद्र

डेङ्गीको सङ्क्रमण ७४ जिल्लामा फैलिएको छ। पानी पर्न थालेपछि डेङ्गी सङ्क्रमण पनि बढ्न थालेको छ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालका अनुसार तीन हजार २४७ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ। पछिल्लो एक हप्तामा २११ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ। यसैगरी, डेङ्गी सङ्क्रमणबाट दुई जनाको निधन भएको छ। कोशी प्रदेशमा ५६८, मधेस प्रदेशमा ६२, बाग्मती प्रदेशमा ६७५, गण्डकी प्रदेशमा ९१४, लुम्बिनी प्रदेशमा ५५१, कर्णाली प्रदेशमा ९३ र सुदूरपश्चिम प्रदेशमा ३८४ जनामा डेङ्गी सङ्क्रमण देखिएको प्रमुख डा दाहालले जानकारी दिनुभयो।

पानी पर्ने क्रम जारी रहेकाले सर्वसाधारणलाई सतर्कता अपनाउन समेत उहाँले आग्रह गर्नुभयो। पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ। त्यही लार्भा वयस्क भएपछि त्यसले टोकेपछि डेङ्गी रोग लाग्दछ। डेङ्गी रोकथामका लागि सरकारले प्रत्येक शुक्रबार लामखुट्टे खोज र नष्ट अभियान सञ्चालन गरेको छ।

सन् २०२४ मा डेङ्गी सङ्क्रमण ७६ जिल्लामा फैलिएको थियो भने यसबाट १५ जनाको मृत्यु हुनुका साथै ४१ हजार ८६५ जना सङ्क्रमित भएका थिए।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्कीको आठौं जिल्ला सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भाद्र




जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्की जिल्लाको आठौं जिल्ला सभा शुक्रवार सम्पन्न भएको छ।

सभाको गण्डकी प्रदेशका जिल्ला समन्वय प्रमुखहरूले संयुक्त रूपमा उद्धाटन गर्नुभएको थियो। जिल्ला समन्वय समिति महासंघका केन्द्रिय सदस्य एबम जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमर बहादुर थापा, जिल्ला समन्वय समिति महासंघका केन्द्रिय सदस्य एबम मुस्ताङका प्रमुख माया गुरुङ,जिल्ला समन्वय समिति लमजुङका प्रमुख पूर्ण बहादुर गुरुङ, जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल, जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तीरमण वाग्लेले सभाको संयुक्त उद्धाटन गर्नुभएको हो।

जिल्ला समन्वय समिति महासंघ गण्डकीका अध्यक्ष समेत रहनुभएका जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले जिल्ला समन्वय समिति बर्तमान संविधानको मर्म अनुसार क्रीयाशिल रहेको भन्दै थप सबलीकरणमा प्रदेश सरकार उदासिन देखिएको भन्दै प्रदेश सरकारले आबश्यक कानुनी ब्यबस्थाका लागि चासो नदेखाउनु चिन्ताको बिषय भएको उल्लेख गर्नुभयो।

प्राप्त कानुनी र संबैधानिक ब्यबस्था अनुसार उच्च प्रतिफल प्राप्त हुने गरेर काममा निरन्तर लागि रहेको बताउनु भयो। पौडेलले गण्डकी प्रदेश सरकार जि स स लाई कानुनी ब्यबस्था गर्न लाग्नु पर्ने ठाउँमा उल्टो संविधान बिपरित निरन्तर बेवास्ता गर्नु शुभ लक्षण नभएको उल्लेख गर्नुभयो। कहिले जिल्ला समन्वय प्रमुखको नेतृत्वको अस्पताल ब्यबस्थापन समिति बनाएको छ, लगत्तै खारेज गरेको छा जिल्ला समन्वय समितिलाई भनेर बजेट छुट्ट्याउने तर कानुनी झन्झट देखाएर बिनियोजित बजेट समेत कटौती गर्ने गण्डकी प्रदेश सरकारका अस्थिर रवैयाले काम गर्न अप्ठ्यारो भएको उल्लेख गर्नुभयो। बिना अध्ययन नीति बनाउनु र बिना विश्लेषण खारेजी गर्नु प्रदेश सरकारको अपरिपक्व काम मात्रै होइन जि स स प्रतिको अनुदार र असहिष्णु व्यवहार हो पौडेलले बताउनुभयो। सो अबसरमा करार तथा ज्यालादारीमा ३० बर्षभन्दा बढी समय सडक डिभिजन कार्यालय पोखरा कार्यालय मार्फत सेवा प्रदान गर्ने कर्मचारीहरू ढाकाराम पोखेल, बिश्वनाथ पौडेल र सुन्तली बि क लाई नगद रू दुई हजार पाँच सय नगद सहित सम्मान समेत गरिएको जिल्ला समन्वय अधिकारी नवराज बरालले उल्लेख गर्नुभयो।

सभामा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधब बराल, पोखरा उद्योग बाणिज्य संघका महासचिव शोभा गौतम, साबिक जिल्ला बिकास समिति कास्की उप-सभापति श्रीनाथ बराल सहित, साबिक जिल्ला बिकास समिति कास्कीका सभापति पुण्यप्रसाद पौडेल, जिल्ला समन्वय समिति कास्कीका पूर्ब प्रमुख बैन बहादुर अधिकारी क्षेत्री, अन्नपूर्ण गाउपालिकाका अध्यक्ष बिष्णु बहादुर क्षेत्री, जिल्ला समन्वय समिति महासंघका केन्द्रिय सदस्य एबम जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमर बहादुर थापा, जिल्ला समन्वय समिति महासंघका केन्द्रिय सदस्य एबम मुस्ताङका प्रमुख माया गुरुङ, जिल्ला समन्वय समिति लमजुङका प्रमुख पूर्ण बहादुर गुरुङ, जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल, जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तीरमण वाग्ले, जिल्ला समन्वय समिति स्याङ्जाका प्रमुख श्रीप्रसाद जि. टि.सहितले शुभकामना मन्तव्य ब्यक्त गर्नुभएको थियो।

सभाले जिल्ला समन्वय समिति कास्कीको आन्तरिक नियन्त्रण कार्यबिधी र आन्तरिक आय ब्यबस्थापन सम्बन्धि कार्यबिधी पारित गरेको छा

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत उप-प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको जिल्ला समन्वय समिति कास्कीका सूचना अधिकारी लक्ष्मु शर्माले जानकारी दिनुभयो।

# उत्पीडित वर्गको अधिकारका लागि सङ्घर्ष जारी छ : अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
लमजुङ, ६ भाद्र

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उत्पीडित सबै वर्ग जातिको अधिकारका लागि आफ्नो पार्टीले लडिरहने बताउनुभएको छ।

शुक्रबार लमजुङ बेँसीसहर नगरपालिका-७ मा तामाङ सांस्कृतिक भवन तथा सङ्ग्राहालयको उद्घाटन कार्यक्रममा उहाँले समाजको तल्लो तहका जनताको पक्षमा निरन्तर लागिरहने बताउनुभयो।

अध्यक्ष दाहालले भन्नुभयो, "सबै उत्पीडित वर्ग, जाति, समुदायले जुन स्तरको पहिचान र अधिकार पाउनुपर्ने हो, संविधानमा हामीले त्यो ठाउँमा पुर्‍याउन सकेनौँ। हामी कहीँ न कहीँ केही न केही विषयमा सम्झौता गरेर जानुपर्ने थियो। र हामीले त्यतिबेलै भनेका थियौँ सहमतिमै संविधानसभा घोषणा गरिए पनि सो वर्ग र जातिका हक, अधिकार पूर्ण रूपमा प्राप्त नहुञ्जेलसम्म हाम्रो आन्दोलन जारी रहन्छ।"

अध्यक्ष दाहालले तराई र मध्यपहाडी लोकमार्गमा अभियान सञ्चालन गरेर कास्कीमा आइपुगेर रोकेको उल्लेख गर्दै यही महिनाको तेस्रो हप्तादेखि पुनः अभियान सुरु गरिने बताउनुभयो।

तामाङ सांस्कृतिक भवन तथा सङ्ग्रहालयका रूपमा नवनिर्मित भवन उद्घाटनसँगै लमजुङमा तामाङ समुदायको हकहित स्थापित गर्न र जनजातिका पक्षमा देशभर बलियो सन्देश प्रवाह गर्न सफल भएको उहाँले बताउनुभयो। माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङ, केन्द्रीय सदस्य मधुमाया अधिकारी, प्रतिनिधिसभा सदस्य उर्मिला माझीलगायतले तामाङ समुदायको हकहितका निम्ति सबैले आवाज उठाउनुपर्ने बताउनुभयो। सङ्घीय सरकारको रु ६९ लाखको बजेटमा सो तामाङ सांस्कृतिक तथा सङ्ग्राहालय भवन निर्माण भएको नेपाल तामाङ घेदुङका अध्यक्ष होमराज तामाङले बताउनुभयो।

# भद्रकालीमा खुला तिज गीत प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भाद्र




भद्रकाली माध्यमिक विद्यालय, पोखरा-१३ मा खुला तिज गीत प्रतियोगिता शुक्रवार सम्पन्न भएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिपक गुरुङ माइलाले ब्यानर वाचन गरेर कार्यक्रमको उद्घाटन गरेका थिए। बालबालिकाको अन्तर्निहित प्रतिभा पहिचान तथा मौलिक नेपाली संस्कृतिकको जगेर्ना गर्न उक्त कार्यक्रमको आयोजना गरिएको अध्यक्ष गुरुङले वताए। प्रतियोगितामा आधारभूत तह र माध्यमिक तहका विद्यार्थी समूहहरूले आकर्षक मौलिक तीज गीत तथा नृत्य प्रस्तुत गरेका थिए। आधारभूत तहमा निकिताको समूह प्रथम, सन्ध्याको समूह द्वितीय र गंगाको समूह तृतीय भएका छन्। त्यस्तै माध्यमिक तहमा अंकिता परियारको समूह प्रथम, निशा बुढामगरको समूह द्वितीय र कौशिला रानाको समूह तृतीय स्थानमा रहेका थिए। विद्यालयका प्रधानाध्यापक यदुराज पगेनीले पुरस्कार वितरण गरेका थिए। कार्यक्रममा विद्यालयकी प्राइमरी इन्चार्ज शान्ति के.सी.को अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका सह क्रियाकलप प्रमुख तथा वहुप्रतिभाका धनी मीन बहादुर साउदले साहित्यमय लयमा कार्यक्रम संचालन गरेका थिए।

# आमा समुहद्वारा क्यान्सर पिडीतालाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भाद्र



आमा समुहले आर्थिक उपार्जन गर्ने मात्र नभई आफ्ना सदस्यलाई दुःख पर्दा सहयोग गर्दछन् भन्ने यहाँको एउटा आमा समुह उदाहरणीय बनेको छ। पोखरा १७ घारीपाटनस्थित शुभकामना आमा समुहले क्यान्सर पिडीत आफ्ना सदस्यलाई आर्थिक सहयोग गरेर सवैका लागि अनुकरणीय बनेको हो।

समूहको २३ औं वार्षिक साधारण सभा, सम्मान तथा नेपाली नारीको महान पर्व हरितालिका तिजको अवसरमा आयोजित तिज विशेष कार्यक्रम उद्घाटन कार्यक्रममा यस बर्ष समुहका चार जना क्यान्सर पिडीतलाई २५ हजारका दरले एक लाख रुपैया आर्थिक सहयोग गरेको जानकारी दिइयो।

गण्डकी प्रदेशका पूर्व मन्त्री एवम् प्रदेश सभा सदस्य पञ्चराम गुरुङले कार्यक्रमको उद्घाटन गर्दै आमा समुहले समाजका विकृति र विसंगतिको अन्त्य गर्दै सभ्य समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो। महिलाहरुले तिज पर्वको माध्येमवाट सस्कृतिको संरक्षणमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै उहाँले पर्व मनाउँदै गर्दा तडक भडक नभई मौलिकतालाई भुल्न नहुने बताउनुभयो। मौलिक संस्कृति मुलुकलाई चिनाउने पहिचान भएको बताउँदै उहाँले यसको संवर्द्धन र प्रवर्द्धनको माध्येमबाट पर्यटन विकासमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। समुहका सल्लाहकार एवंम सञ्चारकर्मी हरि बास्तोलाले समुहले संकलन गरेको आर्थिकलाई भरपुर उपयोग गर्दै समाज र समुहका सदस्यको नेतृत्व विकासमा लगानी गर्नुपर्नेमा जोड दिनुभयो। टोलमा कृयाशिल विभिन्न आमा समुह, टोल विकास संस्था, टोल सुधार समिति लगायतले सामुदायिक भवन निर्माण जोड दिनु पर्ने उहाँको भनाई थियो।

कार्यक्रममा समुहका जेष्ठ सदस्य, दश जोड दुई परिक्षा उत्तिर्ण छात्रछात्र र समुहलाई आर्थिक सहयोग गर्नुहुने महानुभावहरुलाई दोसल्ला, खाँदा र सम्मान पत्रले सम्मान गरिएको थियो। सो अवसरमा प्रमुख अतिथि, अग्रह आमा लिलावती वास्तोला, पूर्व अध्यक्षव्दय हिरा अधिकारी र सुकुना गुरुङ लगायतले सम्मान गर्नुभएको थियो। साधारण सभाले समूहका सचिव सिर्जना खनाल र कोषाध्यक्ष निरमाया क्षेत्रीले प्रस्तुत गर्नुभएको सांगठनिक र आर्थिक प्रतिवेदन पारित गरेको थियो। समुहका अध्यक्ष पार्वती खड्काको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार टिकाराम पौडेल, घारीपाटन टोल विकास संस्थाका अध्यक्ष देवेन्द्र क्षेत्री, निवर्तमान अध्यक्ष कोकिला उदास, उपाध्यक्ष मिना द्वारे लगायतले आमा समुहले खेल्दै आएको भूमिका माथि प्रकाश पार्नुभएको थियो।

# जापानिज इन्सेफ्लाइटिसबाट चितवनमा चार जनाको मृत्यु

**रासस**
चितवन, ६ भाद्र

जापानिज इन्सेफ्लाइटिसका कारण चितवनमा चार जनाको मृत्यु भएको छ। जिल्लास्थित जनस्वास्थ्य कार्यालयका आनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको नतिजाअनुसार आज थप एक जनाको मृत्यु भएको हो।

कार्यालयका प्रमुख दिनेश रुपाखेतीका अनुसार आज आएको नतिजा अनुसार भरतपुर महानगरपालिका-२२ का ७० वर्षीय वृद्धको जापानिज इन्सेफ्लाइटिसका कारण मृत्यु भएको हो। उहाँले भन्नुभयो, "जिल्लामा हालसम्म चार जनाको मृत्यु भइसकेको छ भने १३ जनामा यो रोगको सङ्क्रमण देखिएको छ।" कार्यालयका कीट नियन्त्रक राम केसीले यसअघि मृत्यु हुनेमा कालिका नगरपालिका-५ का ८९ वर्षीय वृद्ध, राप्ती नगरपालिका-१२ की ७० वर्षीया वृद्धा र भरतपुर महानगरपालिका-१२ की ८१ वर्षीया वृद्धा रहेका जानकारी दिनुभयो। उहाँहरूको गत साउनयता मृत्यु भएको जनाउँदै उहाँले गत आर्थिक वर्षमा चितवनमा देखिएका तीन सङ्क्रमितमध्ये एक जनाको मृत्यु भएको बताउनुभयो। जापानिज इन्सेफ्लाइटिसभरतपुरमहानगरपालिका, कालिका नगरपालिका, राप्ती नगरपालिका, खैरहनी नगरपालिका र माडी नगरपालिकाका नागरिकामा देखिएको जनस्वास्थ्य कार्यालयले जनाएको छ। कालिका नगरपालिकामा दुई जनालाई सङ्क्रमण देखिएको छ भने भरतपुरका चार, राप्तीका दुई, खैरहनी र माडी नगरपालिकाका एक/एक जनामा सङ्क्रमण देखिएको कार्यालय प्रमुख रुपाखेतीले जानकारी दिनुभयो। उहाँका अनुसार यो रोग 'क्युलेक्स' जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने कीटजन्य सरुवा रोग हो।

# संविधान संशोधन गर्दा आदिवासी जनजातिको पहिचान भेटिने व्यवस्था मिलाउँछौँ: सभापति देउवा

**रासस**
काठमाडौं, ६ भाद्र

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले संविधान संशोधन गर्दा आदिवासी जनजातिको पहिचान भेटिने र पहिचानका लागि विद्यमान द्वन्द्व मेटिने व्यवस्था मिलाइने बताउनुभएको छ।

कांग्रेसको आदिवासी जनजाति विभागद्वारा शुक्रबारपार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित 'आदिवासी जनजाति योद्धाहरू' पुस्तक विमोचन कार्यक्रममा उहाँले नेपाली कांग्रेस स्थापना हुनुभन्दा पहिलेदेखि प्रजातन्त्रका लागि आदिवासी जनजाति समुदायका साथीहरूले पार्टीका लागि उल्लेखनीय योगदान दिनुभएको स्मरण गर्दै उहाँहरूले पार्टी र देशका लागि कठोर सङ्घर्ष गर्नुभएको बताउनुभयो।

"प्रजातन्त्र स्थापनाको मार्गमा आफ्नो घरपरिवारको प्रवाह नगरी आदिवासी जनजाति समुदायका साथीहरू अगाडि बढ्नुभयो, धेरैले त आफ्नो जीवन नै बलिदान दिनुभयो। ती सम्पूर्ण प्रजातन्त्र सेनानीप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। उहाँहरूको त्याग, तपस्या र योगदानकै जगमा आज नेपाल लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गर्न सफल भएको हो", सभापति देउवाले भन्नुभयो।

उहाँले तथा मुलुकका लागि अमूल्य योगदान दिने ती अग्रज योद्धाहरूको योगदानलाई उच्च मूल्याङ्कन गर्दै कांग्रेसले उहाँहरूको जीवनीमा आधारित 'नेपाली कांग्रेसका आदिवासी जनजाति योद्धाहरू' पुस्तक विमोचन गरेको जानकारी दिनुभयो। "पुस्तक विमोचनसँगै उहाँहरूका परिवारलाई सम्मान गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ", उहाँले भन्नुभयो। "आदिवासी जनजातिलगायत सबै योद्धा तथा नेपाली कांग्रेसका अग्रज नेताहरूले देखाउनुभएको लोकतान्त्रिक र समावेशी मार्गमा पार्टी निरन्तर अग्रसर छ, उहाँहरूको प्रेरणा र हाम्रो निरन्तर प्रयासका कारण आज पार्टी समावेशी र समानुपातिक मूल्य, मान्यतामा दृढतापूर्वक अगाडि बढेको छ", उहाँले भन्नुभयो।

पार्टीको विधान समावेशी र समानुपातिक स्वरूपमा विकास गरिएको बताउँदै सभापति देउवाले पार्टी संरचनामा आदिवासी जनजाति समुदायको सहभागिता सुनिश्चित गर्न केन्द्रीय समितिमा एक जना सहमहामन्त्री निर्वाचित हुने, कम्तीमा १५ जना केन्द्रीय सदस्यहरू निर्वाचनमार्फत चयन हुने व्यवस्था विधानमार्फत सुनिश्चित गरिएको जानकारी दिनुभयो। "नेपाली कांग्रेसको नेतृत्वमा प्राप्त भएको ऐतिहासिक उपलब्धिहरू गणतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता, समानुपातिक र समावेशिताको प्रभावकारी कार्यान्वयनमा पार्टी दृढ छ", उहाँले भन्नुभयो। सभापति देउवाले पार्टीमा आदिवासी जनजाति विभाग र भ्रातृ संस्थाका रूपमा नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घ गठन गरिएको जनाउँदै यी संस्थाहरूका माध्यमबाट आदिवासी जनजातिका पहिचान र प्रतिनिधित्व पार्टीमा बढेको बताउनुभयो। "आदिवासी जनजातिको सहभागिताबाट पार्टी ठूलो र बलियो बनाउन मद्दत पुगेको छ। पार्टीको नेतृत्वमा बनेको वर्तमान संविधानमा आदिवासी जनजातिसहित सबै समुदायको आवाजलाई समेट्ने प्रयास गरिएको छ, सबै जातजाति र धर्मावलम्बीलाई सम्मान गर्दै, संविधानमा सबैको समावेशी र न्यायपूर्ण व्यवस्था गरेका छौँ", उहाँले भन्नुभयो। उहाँले सबै मिलेर वर्तमान समावेशी संविधानको संरक्षण गर्नु आवश्यक रहेको भन्दै संविधान देशको समावेशी र लोकतान्त्रिक भविष्यको आधारका रूपमा रहेको धारणा राख्नुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ५६७ जनाको प्रोफाइल खोज्दै प्रहरी, निसानामा फरार प्रतिवादीहरु

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ६ भाद्र

नयाँ बर्ष लागेसगै स्याङ्जा प्रहरीले अदालतबाट कसुरदार ठहर गरेका फरार अभियुक्तहरुलाई निसाना बनाइरहेको छ । जेठमा प्रहरी प्रमुख फेरिए सगै स्याङ्जाको सुरक्षा कमाण्ड सम्हाल्न आएका प्रहरी उपरीक्षक दधिराम न्यौपानेको पहिलो फरार अभियुक्त समात्ने निर्णय अनुसार उनीहरु निसानामा परेका हुन् । अदालतबाट दोषी ठहर गरेपछि फरार रहेर कानुनको ध्वज्जी उडाइरहेका अभियुक्तहरुलाई कानुनी दायरामा ल्याउने कर्तव्य नेपाल प्रहरीको पहिलो प्रथामिकता हो । यही अनुरुप जिल्ला प्रहरी प्रमुख न्यौपानेले आफ्ना मातहतका कार्यालयलाई फरार अभियुक्त धमाधम समात्न निर्देशन दिए ।

आफ्ना कमाण्डरको निर्देशन पालना गर्दै प्रहरी जवान देखी अधिकृतसम्मले अहिले फरार अभियुक्तको प्रोफाइल पल्टाइरहेका छन् । जेठ महिनादेखी स्याङ्जा प्रहरीले ८९ जना फरार अभियुक्त पक्राउ गर्न सफल भएको छ । हरेक दिने एकजना फरार अभियुक्त समात्ने अभियाननै चलाएको स्याङ्जा प्रहरीले अहिलेसम्मको तथ्याङ्क हेर्दा झण्डै दिनको एकजनाकै दरले फरार अभियुक्त पक्राउ गर्न सफल भएको देखिन्छ । २०५० सालमा सर्वोच्च अदालले कैद सजाय तोकिएका फरार अभियुक्त देखी जिल्ला अदालत स्याङ्जाले कैद सजाय तोकिएकाहरु समातिएका छन् । स्याङ्जामा अदालतले दोषी ठहर गरेका ५ सय ६७ जना प्रतिवादी अझै फरार रहेको तथ्याङ्क छ ।

फरार अभियुक्त धमाधम समातिनेक्रम बढेपछि जिल्ला प्रहरी कार्यालय स्याङ्जाले गरेको कार्यसम्पादन पत्रकार भेटघाट मार्फत सार्वजनिक गर्दै आइरहेको छ । साउन महिनाको कार्यप्रगति सार्वजनिक गर्न जिल्ला प्रहरी कार्यालय स्याङ्जाले वडा प्रहरी कार्यालय वालिङमा पत्रकार भेटघाट गरेर जानकारी दिएको छ ।

जिल्ला प्रहरी प्रमुख दधिराम न्यौपानेले पत्रकार भेटघाट कार्यक्रममा प्रहरीको जनशक्ति सहित साउन महिनामा गरेको कार्यसम्पादनका बिषयमा जानकारी दिए । साउन महिनामा प्रहरीले २५ जना फरार प्रतिवादी पक्राउ गरेको छ भने विभिन्न मुद्धामा २२ जना पक्राउ गरेको जानकारी दिएको छ । पक्राउ परेका २५ जना फरार प्रतिवादीले १० बर्ष ९ महिना २ दिन कैद भुक्तान गर्नुपर्ने छ भने ८ लाख २० हजार ६ सय ५५ जरिवाना भुक्तानी गर्नुपर्ने छ ।

साउन महिनामा ज्यान मार्ने उद्योगमा १, चोरीमा २, नागरिकतामा १, अभद्र व्यवहारमा ७, बैकिङ कसुरमा २, झुडी आत्महत्या ४, फुटकर ज्यान उद्योगमा ४, भवितव्य ज्यन १, लागुऔषधमा १ र बालयौन दुरुपयोगमा १ जनालाई पक्राउ गरी कारवाही गरेको प्रहरी प्रमुख न्यौपानेले बताए । अबैध रुपले नदीखोला उत्खनन् गर्ने ६ वटा सवारी साधन नियन्त्रणमा लिएको, लागुपदार्थ सेवन गरी सवारी चलाउने ७ जनालाई नियन्त्रणमा लिएर कारवाही गरिएको, ४८ हजार ७ सय ५८ गाँजाका बोट नष्ट गरिएको, अबैध खाद्य बस्तु, लत्ताकपडा सहितका सरसमान नियन्त्रणमा लिएर राजश्व कार्यालय पठाइएको लगायतका काम प्रहरीले गरेको पत्रकार भेटघाटमा प्रहरी प्रमुख न्यौपानेले दिए ।

नियन्त्रित लागुऔषध सहित मानिस नियन्त्रण, चोरीका अभियुक्त पक्राउ, झुट्टा निवेदन दिने पक्राउ, चोरीमा संलग्न पक्राउ लगायत विदेशी नागरिक विना प्रवेसाज्ञा गरी बसेका दुइजनालाई पक्राउ गरी कारवाहीको दायरामा ल्याइएको समेत प्रहरी उपरीक्षक न्यौपानेले पत्रकार भेटघाटमा बताए । हरितालिका तिज नजिकिदै गर्दा शान्तिसुरक्षालाई ध्यानमा राखेर जिल्ला प्रहरी कार्यालय स्याङ्जाले आमा समुहहरुसगँ प्रहरी भन्ने कार्यक्रम संचालन गरेको प्रहरी प्रमुख न्यौपानेले बताए । प्रहरीले नेपालीहरुको महान पर्व दशैतिहार नजिकिदै गरिरहेका बेला सुरक्षा गस्ती बढाउने तयारीमा रहेको जनाएको छ ।

वडा प्रहरी कार्यालय वालिङमा भएको पत्रकार भेटघाट कार्यक्रममा जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक प्रशन्न राज चौधरी, वडा प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव उपरीक्षक कमल राज पण्डित लगायत प्रहरी निरिक्षक सुजन विक, कुमार शर्माको सहभागिता रहेको थियो । जिल्लाभरका एकदर्जन पत्रकार हरुको सहभागिता रहेको थियो ।

यसै गरी जिल्ला अदालत स्याङ्जामा फरार रहेका प्रतिवादीको संख्या उच्च छ । देशका विभिन्न अदालतबाट फैसलाभई कसुर ठहर भएका ५७६ जना प्रतिवादी अझै फरार छन् । जसले गर्दा अदालतको बेरुजु कैद र जरिवाना भुक्तानी गर्नुपर्ने प्रतिवादीको संख्या उच्च रहेको हो । फरार रहेका प्रतिवादीहरु २००९ सालदेखीका साउन मसान्तसम्मका रहेका छन् । जवर जस्ती करणी, चोरी, डाका, मानव बेचबिखन, नागरिकता, बैकिङ्क कसुर, चेक अनादार, हातहतियार खरखजना, सार्वजनिक सम्पत्ती, कर्तव्य ज्यान, अंश नामसारी, आत्महत्या दुरुत्साहन, बहुविवाह, लागुऔषध, सवारी ज्यान, शैक्षिक योग्यताको झुट्टा विवरण, अबैध रुख कटानी, भष्ट्रचार लगायत मुद्धाहरुमा कसुर ठहर भएका प्रतिवादीहरु रहेको जिल्ला अदालत स्याङ्जाका तहसिलदार रामप्रसाद पन्थीले जानकारी दिएका छन् ।

उनले दिएको जानकारी अनुसार विभिन्न जिल्लाबाट स्याङ्जा ठेगाना भएका प्रतिवादीहरुको नामावली अदालतले पठाइदिने र ठेगाना खुल्न कठिन भएकाले पक्राउमा समस्या देखिएको बताए । जिल्ला अदालत स्याङ्जाको तथ्याङ्क अनुसार सबैभन्दा धैरै फरार प्रतिवादी पुतलीबजार ठेगाना भएका छन् भने सबैभन्दा थोरै कालीगण्डकी गाउँपालिका ठेगाना रहेका छन् । पुतलीबजार नगरपालिका १५८, वालिङका १ सय, भीरकोटका १ सय, गल्याङका ५१, आँधीखोला गाउँपालिकाका ४४, बिरुवाका ३८, चापाकोटका ३५, हरिनासका ३५, फेदिखोलाका ३२, अर्जुनचौपारीका १६ र कालीगण्डकी गाउँपालिकाका ११ जना प्रतिवादी फरार रहेको उल्लेख छ । अहिले प्रहरीले यीनको खोजीकार्यलाई तिब्र बनाएको छ ।

# बसाइँसराइले रित्तिदै म्याग्दीका गाउँ

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ भाद्र



जिल्लाबाट वार्षिक दुई सय ५० परिवारका दरले अन्यत्र बसाइँसराइ गरेर जाने गरेका छन् ।

स्थानीय तहका पञ्जीकरण शाखाको अभिलेखअनुसार जिल्लाभरका पालिकामा बसाइँसराइ गरेर आउने परिवारको सङ्ख्या भने वार्षिक एक सयको हाराहारीमा छ । बढ्दो बसाइँसराइका कारण ग्रामीण क्षेत्रको सामाजिक, सांस्कृतिक, विकास गतिविधिमा असर पर्नुका साथै विद्यालयमा विद्यार्थी अभाव हुन थालेको छ ।

आर्थिक वर्ष २०८१/८२ मा म्याग्दीका स्थानीय तहमा ८९ परिवार बसाइँसराइ गरेर आउँदा दुई सय ४७ परिवारले थातथलो छाडेर अन्यत्र गएका छन् । आव २०८०/८१ मा दुई सय ५२ परिवार बसाइसराइ गरेर जाँदा आउने परिवारको सङ्ख्या एक सय भएको स्थानीय तहको पञ्जीकरण शाखाको अभिलेखमा उल्लेख छ । गत वर्ष बसाइँसराइ गरेर आउनेहरूको परिवार सङ्ख्या बेनी नगरपालिकामा ४५, धवलागिरिमा तीन, मालिकामा आठ, मङ्गलामा १९, रघुगङ्गामा चार र अन्नपूर्णमा १० छ । बेनीबाट ६५, धवलागिरिबाट २३, मालिकाबाट ३९, मङ्गलाबाट ५५, रघुगङ्गाबाट २१ र अन्नपूर्णबाट ४४ परिवारले बसाइँसराइ गरेर अन्यत्र गएका छन् ।

म्याग्दी बहुमुखी क्याम्पस समाजशास्त्र विषयका प्राध्यापक गोरखबहादुर जिसीले गण्डकी प्रदेशको म्याग्दी, स्याङ्जा र पर्वत जिल्लाको बसाइँसराइ उल्टो रहेको बताउनुभयो । "गाउगाउँमा पुगेको सडक, विद्युत्, खानेपानी, सञ्चार सुविधाले मानिसलाई रोक्न सकेको छैन", उहाँले भन्नुभयो, "रोजगारी र आयआर्जन अवसरको खोजीमा गाउँबाट सहर र सुविधा भएको ठाउँमा मानिस बसाइँसराइ गर्ने क्रम बढेको हो ।"

विसं २०७८ मा भएको जनगणनाको नतिजाअनुसार म्याग्दीको २५ हजार ३७४ घरमा २९ हजार २४२ परिवारका एक लाख सात हजार ३७२ जनसङ्ख्याको बसोबास छ । विसं २०६८ मा म्याग्दीको कुल जनसङ्ख्या एक लाख १३ हजार ६४१ जना थियो । विशेषगरेर ग्रामीण क्षेत्रमा युवा उमेर समूहका उत्पादनशील जनशक्ति नहुँदा विवाहमा जन्ती, मृत्युमा मलामी जानेहरू प्रौढ र वृद्धहरू बढी देखिन थालेका धवलागिरि गाउँपालिका-४ का चित्र पुनले बताउनुभयो ।

"खेतीबाली लगाउन अर्मपर्म गर्ने चलन हरायो", उहाँले भन्नुभयो, "खेतीयोग्य जमिन बाँझिएको छ । आयातित खाद्यान्नमा निर्भरता बढेको छ ।" जन्मदर कम भएको र गाउँमा भएकाले पनि आर्थिक हैसियत बढेपछि छोराछोरी पढाउन बजार झर्ने क्रमसँगै विद्यार्थी सङ्ख्या घटेको अन्नपूर्ण गाउँपालिका-७ को टिकोट माविका प्रअ प्रदीप पुनले बताउनुभयो । कक्षा १० सम्म पठनपाठन हुने उक्त विद्यालयमा करिब ५० जनामात्र विद्यार्थी छन् । म्याग्दीबाट कास्कीको पोखरा, हेम्जा, काठमाडौँ, चितवन, बुटवल र तनहुँमा बसाइँसराइ गरेर जाने गरेका छन् । सम्पन्नहरूले बजारमा घरघडेरी किनेर झरेका छन्भने विपन्नहरू काम र मामका लागि बजार झर्ने क्रम देखिएको प्राध्यापक जिसीले बताउनुभयो । "शिक्षालाई उत्पादन र रोजगारीमा नजोड्ने हो भने म्याग्दीको जनसङ्ख्या घट्ने र बसाइँसराइ बढ्ने दर अझै बढ्दै जानेछ", उहाँले भन्नुभयो, "विकासलाई रोजगारी र सम्भावनालाई आयआर्जनसँग जोड्न आवश्यक छ ।" बेनी नगरपालिकाका प्रमुख सुरत केसीले विकास गाउँतिर केन्द्रित भएको समयमा त्यसको उपभोग गर्ने जनसङ्ख्या भने सहरबजार झर्ने र विदेशिने अवस्था चुनौती रहेको बताउनुभयो । विकास आयोजनामार्फत रोजगारी सृजना, कृषि र पर्यटनमा जोड दिएको उहाँले बताउनुभयो ।

# बेनीमा मौलिक परम्परागत रोपाइँ नाच प्रदर्शन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ भाद्र

'असारे मास, दब्दवे हिलो छुनलाई घिन लाग्यो
पातली नानीलाई, फरिया किन्दा, छ बीस रिन लाग्यो ।'
केटी :'त्यो पारी वन, खरिको बोट, गुड लायो फिस्टाले
फरिया किन्दा, रिन लायो भन्छ, के पाल्ला यस्ताले ?'

म्याग्दीको सदरमुकाम बेनीको सडकमा शुक्रबार दिनभर यस्तै गीत घन्कियो । गीतको भावमा नेवार समुदायको मौलिक पोसाकमा सजिएका कलाकारहरूले धान रोपेको अभिनयसहितको नृत्य प्रस्तुत गरे । नेपाल भाषा मंकाःखलः, मैजुःखलः र ल्यामःपुचःको आयोजनामा एकमहिने लामो वर्खे नाचअन्तर्गत 'रोपाइँ नाच' देखाइएको हो । नेपाल भाषा मंकाःखलः म्याग्दीका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले बेनीमा बस्ती बसेदेखि दुई सय वर्ष अघिदेखि सुरु भएको वर्खे नाचअन्तर्गत रोपाइँ नाचलाई निरन्तरता दिएको बताउनुभयो । "गाउँका विशिष्ट व्यक्तिको खेतमा हुने रोपाइँको झल्को यस नाचमा प्रस्तुत गरिन्छ", उहाँले भन्नुभयो, "पुरुषले महिलाको पोसाकमा



सजिएर असारे गीतमा नाच्ने यो नाचको प्रमुख विशेषता हो ।" गीत गाउने र खेतालाको अभिनयसहित नाच्ने करिब ५० जना कलाकार आवश्यक पर्छ । युवा पुस्ताको पलायन र पुराना पुस्ता नासिने क्रमसँगै पछिल्लो समय कलाकार अभाव भए पनि परम्परा र मौलिक संस्कृतिको जगेर्नालाई निरन्तरता दिएको अध्यक्ष श्रेष्ठले भन्नुभयो । उहाँका अनुसार पछिल्लो समय महिला र किशोर किशोरीलाई प्रशिक्षण दिएर रोपाइँ नाचमा सहभागी गराउन थालिएको छ । घण्टाकर्ण चर्तुदर्शीदेखि हरितालिका तीजको दिनसम्म विभिन्न नाच देखाइने यस वर्खे नाचले बेनीमा जात्राकै रौनक दिने गरेको छ । लाखे, घोडा, गोरु, रोपाइँ, नागानागिनी, धानको बाला र जोगीनाच देखाइने गरिन्छ । वर्खेनाच यहाँका नेवार समुदायको सांस्कृतिक पहिचान हो । वर्खेनाचमा मृदृङ्गा र मादलको तालमा नृत्य देखाउने गरिन्छ । सबैजसो नाचमा परम्परागत समाजको चित्रण गरिएको हुन्छ । तीजको दिनमा दानवीय स्वरूपको लाखेलाई भगवान् श्रीकृष्णले वध गरेपछि असत्यमाथि सत्यको विजयी हुने सन्देशसहित यो नाच समापन गरिने चलन छ ।

# विकट गाउँको दुःख : बर्खामा सडक नचल्दा खाद्यान्न ढुवानीमा समस्या

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ भाद्र



जिल्लाको सबैभन्दा विकट मानिने निसेलढोरमा बर्खामा सडक सञ्चालन नहुँदा खाद्यान्न ढुवानीमा समस्या भएको छ । जिल्लाको दोस्रो व्यापारिक केन्द्र बुर्तिबाङबाट सात वर्ष अगाडि सडक सञ्जालले जोडिए पनि बर्खाको समय गाडी नचल्दा ढुवानी र यात्रा गर्न समस्या भएको हो ।

एक दशक अगाडिसम्म निसेलढोरमा बर्खामा मात्र निसीबाट वस्तुभाउ लिएर स्थानीय बसोबास गर्ने गर्थे भने अहिले बाह्रै महिना स्थायी रूपमा बस्नेको सङ्ख्या बढेको छ । अहिले बर्खामा तीन सय र हिउँदमा झण्डै एक सय ५० घरपरिवार निसेलढोरमा बसोबास गर्ने गर्छन् । आर्थिक वर्ष २०७६/७७ मा ढोरपाटनबाट मोटरबाटोले निसेलढोर जोडिएको थियो । निसीखोला गाउँपालिका-५ मा पर्ने निसेलढोर पर्यटकीय हिसाबले निकै सम्भावना बोकेको भए पनि अप्ठ्यारो सडकका कारण पर्यटक फाट्टफुट्टमात्र पुग्ने गरेका छन् । बर्खामा यातायात सञ्चालन नहुँदा हिउँदै खाद्यान्न जोहो गरेर राख्नुपर्ने अवस्था रहेको स्थानीय सम्झना विकले बताउनुभयो । ढोरपाटन नगरपालिका-९ को नवी, भुजी हुँदै मसखोलासम्म सडक राम्रो भए पनि त्यसभन्दा माथि सडक भासिने, हिलो हुने हुँदा गाडी नै गुड्न नसक्ने उहाँको भनाइ छ । सडक खुलेको यतिका वर्षसम्म सुधार गर्न नसक्दा यहाँका सयौँ स्थानीयले बर्खामा सास्ती खेप्नुपरेको विकले गुनसो पोख्नुभयो । गाडी नचल्दा बजारबाट सामान मान्छेले बोकेर ल्याउनुपर्ने बाध्यता रहेको उहाँले सुनाउनुभयो । विकले भन्नुभयो, "बर्खा किन लाग्दो हो भन्ने हुन्छ, न गाडी चल्छन्, न घोडा खच्चड नै हिँड्न पाउँछन्, बजारबाट सामान ल्याएर उपभोग गर्न साह्रै समस्या छ, हाम्रो समस्या सरकारले सुन्दै सुनेन, यस्तो विकट ठाउँमा छौँ, एक बोरा चामल ल्याउन दिनभर लाग्छ, गाउँमा कोही सिकिस्त बिरामी भए डोकामा बोकेर लैजानुपर्ने बाध्यता छ, यति सडक बने त सजिलो हुने थियो ।" निसेलढोरमा आलु, स्याउ र सिमीलगायत कृषिजन्य उत्पादन राम्रो हुने तर सडकको दुरावस्थाका कारण बजारीकरणका लागि समस्या हुने गरेको स्थानीय कुले विकले बताउनुभयो । गाउँमा सडक आएपछि हिउँदमा मान्छेले र घोडाले बोकेरै सामान ढुवानी गर्नुपर्ने बाध्याता कम भएको भन्दै चार किलोमिटर सडक व्यवस्थित बनाउन सके बाह्रै महिना निसेलढोरमा गाडी चल्ने उहाँ बताउनुहुन्छ । असारदेखि कात्तिकसम्म सडक नचल्दा यहाँ उत्पादन भएको वस्तु कुहिने जोखिम रहेको विकको भनाइ छ । निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले यस वर्ष मसखोलाबाट निसेलढोरसम्मको चार किलोमिटर सडक स्तरोन्नतिका लागि सर्भे गरिसकेको बताउनुभयो । गण्डकी प्रदेश सरकारले विनियोजन गरेको रु ७० लाखले सडक स्तरोन्नति गरी बाह्रै महिना यातायात सञ्चालन हुने उहाँको भनाइ छ । सडकले निसेलढोरवासीको दैनिकीमा परिवर्तन ल्याएको भन्दै अब बर्खामा पनि समस्या नहुने अध्यक्ष घर्तीमगर बताउनुहुन्छ ।

"निसेलढोर भौगोलिक रूपमा अलि पछाडि छ, तर पनि हामीले यसलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौँ, पहिले यहाँ सडक थिएन, पिउनेपानी थिएन, अहिले पानीको पनि सुविधा छ, सडक बर्खामा अलिकति सञ्चालन हुनसकेको छैन", अध्यक्ष घर्तीमगरले भन्नुभयो, "अब यसलाई व्यवस्थित गरेर बाह्रै महिना सञ्चालन गर्छौँ, त्यसपछि स्थानीयले यहाँको उत्पादनलाई सहज रूपमा बजार पठाउन सक्नेछन् भने यात्रा र ढुवानीका लागि सहज हुनेछ ।"


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# विद्यार्थी बोकेको भ्यान दुर्घटना हुँदा छ घाइते

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ भाद्र

बागलुङमा विद्यार्थी बोकेको भ्यान दुर्घटना हुँदा छ जना घाइते भएका छन् ।

जिल्लाको गलकोट नगरपालिका-५ स्थित शिवालय मन्दिर नजिकै शुक्रबार बिहाने गलकोट बहुमुखी क्याम्पसको भ्यान दुर्घटना भएको हो । हरिचौरबाट हटिया जाँदै गरेको क्याम्पसको ग१झ ७४३ नं को भ्यान दुर्घटनामा परेको इलाका प्रहरी कार्यालय गलकोटले जनाएको छ । दुर्घटनामा १८ वर्षीया सुस्मिता विक, १८ वर्षीया प्रमिला विक, २५ वर्षीय मोहोन सिंह सुनार, १९ वर्षीय जीवन खत्री, १९ वर्षीया अमिसा क्षेत्री र १८ वर्षीया सुनिता सापकोटा घाइते भएकी इलाका प्रहरी कार्यालय गलकोटका प्रहरी सहायक निरीक्षक मनबहादुर कार्कीले जानकारी दिनुभयो ।

घाइतेहरूको गलकोट नगर अस्पतालमा उपचार भइरहेको छ । तीव्र गतिका कारण दुर्घटना भएको प्रहरी निरीक्षक कार्कीले बताउनुभयो ।

# इरान -इजराइल युद्ध र मध्यपूर्वमा त्यसको असर



शम्भु बहादुर अधिकारी

मध्यपूर्ब सामरिक, राजनीतिक, आर्थिक र प्रकृतिक स्रोतको भण्डार भएकोले विश्व स्तरमा यस्को महत्वपूर्ण भूमिका छ । पेट्रोलियम पदार्थको उत्खनन भन्दा अगाडी अरबी मुलुकहरु गरिब थिए। उनीहरु ऊँट, घोंडा, भेडा बाख्रा लिएर घुमन्तू जीबन बिताउँथे । त्यो मरूभूमि जमिन बृटिश उपनिबेश अन्तर्गत पर्थ्यो।१९४७मा प्यालेस्टाइनमा जन बिद्रोह भयो । त्यस्कारण बेलायतले प्यालेस्टाइन लाइ स्वतन्त्रता दिन संयुक्त राष्ट्रबाट त्याहा दुइ मुलुक बनाउने निर्णय गरायो : यहुदी र (इजराइल ) अरब मुलुक ५२% भूमि इजराइल लाइ र २२%प्यालेस्टाइन र अरु बाकि अरब मुलुकलाइ छुट्याइयो । संसारभरबाट बेलायतले यहूदीहरु त्यहाँ ल्यायो र तत्कालै इजराइललाई स्ततन्त्र देशको मान्यता दिइयो। पश्चिमा मुलुकहरुले आर्थिक, राजनीतिक, सामरिक र जातीय रुपले इजराइललाइ हरेक प्रकारले बलियो बनाए किनभने मध्यपूर्वमा इजराइको उपस्थिति मजबूत भएमात्र उनीहरुको सामरिक र आर्थिक स्वार्थ पूरा हुन सक्थ्यो। मध्यपूर्बमा पश्चिमाहरुलाइ एउटा आफ्नो समर्थक चाहिएकोले इजराइलको निर्माण भयेको हो। बाँकी भूमि पनि इजराइलले युद्ध सुरु गरेर १९४८मा आफ्नो राज्य बिस्तार गर्यो । प्यालेस्टाइनमा बस्नेहरुलाइ कैनियन भनिन्थ्यो प्यालेस्टाइनलाइ केइनियान भनेर चिनिन्थ्यो । त्याहा धार्मिक बिस्वास पछिमात्र बिकास भयेको हो। तर यू एन ओले कहिलै पनि दुइ देशको निर्माण गरेन र पश्चिमाहरु पनि प्यालेस्टाइन को बिरुद्ध थिए । जोर्डनले वेस्ट बैंक नियन्त्रणमा लियो भने इजिप्टले गाजा आफ्नो नियन्त्रणमा लियो । हेर्दाहेर्दै प्यालेस्टाइनीहरु राज्यबिहिन हुन पुगे। १९६७मा इजराइलले छ दिने युद्धमा वेष्टबैंक, गाजा, गोलानहाइट आफ्नो नियन्त्रणमा लियो । अब इजराइल बलशाली हुँदै गयो। बर्तमान समयमा सबै इस्लामिक मुलुकहरुमा अमेरिकी सैनिक अड्डा छ, तर इरानलाई तह लाउन नसकेकोले इजराइल मार्फत इरान माथि आक्रमण गर्ने योजना अमेरिकाले बनायो । प्यालेस्टाइन प्राधिकार अन्तर्गत बसेका प्यालेस्टाइनीहरुले मुक्ति आन्दोलन चलाए गाजाबाट। त्यस्को समर्थनमा, हमास, यमनका हुति र लेबनानी हजबुल्लाहरुले प्यालेस्टाइनको समर्थन गरे । इजराइल अमेरिकी समर्थनमा दमनमा उत्रियो। करिब २ बर्षको दमनमा गाजाका पूर्वाधारहरु, अस्पतालहरु, विद्यालयहरु ध्वस्त गरिये। ६०हजारजति मानिसहरु मारिये जस्मा महिला, केटाकेटी र बिरामीहरु बढी थिए । लाखौं मानिसहरु घाइते भये भने कैयौं प्यालेस्टाइनिहरु पलायन भये । त्यस अत्याचारलाइ सबैभन्दा लोकतांत्रिक देश र नेताहरुले भर्त्सना गरेननाइजराइलले सुरु गरेको युद्धलाइ आतङ्कबादका बिरुद्धको युद्ध भने। गाजा खण्डहर बन्यो र त्यस्को पुनर्निर्माण लागी वर्षौं वर्ष लाग्ने छ। त्यो मानवता बिरोधी कार्यलाई खण्डन मात्र होइन इजराइललाई दण्डित गर्नु पर्छ । तर नेपाल सरकार र नेपालका मानव अधिकारबादी संस्थाहरुले प्यालेस्टाइन माथि गरेको इजराइली दमन अत्याचारको बिरोध गरेनन, उनीहरुको न्यायपूर्ण आन्दोलनलाइ आतंकवादीआन्दोलन भन्न भ्याए। त्यस क्षेत्रमा भयेका संपन्नशाली र शक्तिशाली देशहरुमाथि आणबिकहतियार र जैविक हतियार बिकास गरेको भन्दै इराका अमेरिकाले आक्रमण गर्यो।मूख्यतः इराकलाइ कंजोरपारी त्याहा आफ्नो कठपुतली सरकार बनाउन सद्दाम हुसैन सत्तालाइ पल्टायो। त्यसरी नै लिबिया कर्नल गद्दाफी तेल बेच्दा डलरको सट्टा सुन लिने निर्णय गरेपछि आफ्नो डलर बेकम्मा हुने भयेकोले अमेरिकाले गद्दाफीलाइ पदच्युत गरि आफ्नो कठपुतली सरकार बनायो।अब अरबी देशहरुमा अमेरिका र इजराइल बिरोधी शक्ति रहेन । अमेरिकि हितहरु र स्वार्थका बिरुद्ध जाने जुनसुकै शक्तिलाइ पनि निमिट्यान्न पार्ने साम्राज्यबादी नीति अमेरिकाले अबलम्बन गरेको छाउस्को अमेरिका प्रथम भन्ने नाराका साथ बिस्वसामु खडा छ,तर त्यो साम्राज्यबाद अब कंजोर बन्दै गयेको छामध्यपूर्बमा चीन,रुस,इरान शक्तिका साथ अमेरिकी नीति बिरुद्ध संयुक्त भयेका छनाइजराइल हान्ने गुरू जस्तो भयेर हजबुल्ला,हमास र हुलिया बिरुद्ध बिध्वंसकारी युद्ध गरिरहेको छाउस्लाइ टक्कर दिन अरु देशहरु पनि इजराइलका बिरुद्ध शक्तिशाली बन्दै गयेको कुरालकबिर्षे जस्तो छ।

मध्यपूर्बमा अमेरिका र इजराइललाइ टक्कर दिन इरानले ४०औं बर्षसंम सामरिक र आर्थिक रुपबाट शक्तिशाली बन्दै गै रहेको अबस्थामा इरानी परमाणु बम बनाउने अबस्थामा पुगेको निष्कर्ष निकाली अमेरिकाले इजराइललाइ इरानमाथि आक्रमण गर्ने आदेश दियो।सामरिक रुपले इरान कति बलियो छ भन्ने कुरा उनीहरुले कम मूल्यांकन गरेको बुझिन्छ । १०दिन अगाडी इजराइलले २०००किमि टाढा रहेको इरानमाथि ब्यापक सैनिक हमला गर्यो।सेनापतिहरु मारिये,आणबिक केन्द्रमा हमला गरियो र उद्देश्य त अझ खोमेनाइलाइ मार्ने षडयन्त्र थियो, तर सफल भयेन।इरानी सुझबुझका साथ इजराइली नीसानाहरुमा हवाई आक्रमण र ब्यालेस्टिक मिसाइलों आक्रमण गर्यो,फेरी इजराइलले प्रत्यार्पण गर्यो।यसरी दोहोरो भिडन्तमा दुबै पक्षमा हताहती र नोक्सानी भयो,तर इजराइल तर्फ धैरै ध्वंश र हताहती भयो।जब इजराइलले मात्र इरानको आक्रमण थेग्न सकेन, अमेरिकाले २०घण्टा लगायेर बी-२ बमबर्षक बिमान,मिसाइल र क्षप्यास्त्र हानेर इरानकोआणबिक हतियारलाइ नोक्सानी गर्ने उस्को प्रयत्न सफल भयेन।आक्रमण पहिला इजराइलले सुरु गरेको थियो, तर इरानको प्रतिरोध गर्न नसकेर उस्ले अमेरिकालाइ गुहारेको थियो।२२जून २०२५मा अमेरिकाले इरानमा आक्रमण गर्दै यो भनेर धम्कायो कि इरानले तुरुन्त आत्म समर्पण गरोस।इरानले आत्मसमर्पण नगर्ने बरु अमेरिका र इजराइलसंग अन्तिम अबस्था स्म लड्ने जबाफ दियो । जब इरानी प्रतिकार गर्यो इजराइल हवाई आक्रमण र अत्याधुनिक ब्यालेस्टिक मिसाइल प्रयोग गर्यो।सारा इजराइल तहस-नहस भएको छ, मोसाद हेडक्वार्टर ध्वस्त भयेको छ, हतियारभण्डारहरु ध्वस्त गरियेको छ र इजराइल हेर्नको लागी गाजामा इजराइलले गरेको बिध्वंस र नरसंहार हेरे पुग्छ । इजराइलीहरु इरान र गाजाबासीसँग माफ माग्दै छन,बाँच्नदेउ भनेर चिल्लाइ रहेका छन र आफ्ना आडम्बरी नेतालाइ गालि गरिरहेका छन । इरानको आक्रमण यसरी नै अगाडी बढ्यो भने अमेरिका र नाटोले पनि इजराइल बचाउन सक्तैन, दुइ राज्यको आबधारणा मानैको भये यस्तो बिनकसको युद्ध हुने थिएन।

इरानको अस्तित्वलाई चकनाचूर पारे पछि मध्यपूर्वमा इजराइलको प्रतिस्पर्धा कोही हुनै छैन। भन्ने अमेरिकाको सोच थियो, त्यस्लाइ बलीयो र ठूलो बनाउन सीरिया, गाजा, वेष्टबैंक, जोर्डन मिलायेर ग्रेटर इजराइल बनाउने अमेरिका र पश्बाचिमाहरुको सपना त्यसै तेहरान अबस्था छ । संभवत यसरी नै युद्ध चर्किंदै जाने हो भने को अस्तित्व संकटमा पर्ने छ । इजराइल र अमेरिकाको उद्देश्य इरानले परमाणु बम नबनाओस भन्नै चाहना बिपरीत युको मूल्यांकन गर्दा इरानले परमाणुबम बनाइ सकेको हुनु पर्छ । एफ ३५ बमबर्षक अमेरिकी लडाकू जहाज इरानले खसालेर त्यस्को पासइलट नियंत्रणमा आइसकेको छ। इजराइल र अमेरिकामा नित्यानंद सरकार र राष्ट्रपति ट्रम्पका बिरुदठूला ठूला प्रदर्शनहरु भयेका छन । यस युद्धको प्रभाव मध्यपूर्वमा मात्र होइन एशिया,यूरोप र अफ्रिका संम फैलाने संभाबना छ। इरान आणबिक हतियारको वार्ताबाट अमेरिकासंग अलग भै सकेको छ । आइपीएल इरान परमाणुबम बनाउने स्थितिमा छैन भन्दा भन्दै छ कि छ भनैर इजराइल र अमेरिकाले इरान माथि आक्रमण गर्नु उनीहरुको बेल्जियन हो । इजिप्ट लकयनको नारा दिएर अगाडी बढेको इजराइल अब डा उनसाइजमा आउने निश्चित छ।

मध्यपूर्वमा बिगत ७० बर्षदेखि राइजिङ लायनको रूपमा उदायेको इजराइल अब आफ्नै कारणले आर्थिक, सामरिक र राजनीतिक रूपले ढाई भाँति छ । बेलायतको षडयन्त्रबाट जन्मेको इजराइल अमेरिकी हित र स्वार्थको लागी मध्यपूर्वलाइ थर्मामीटर बसेको थियो। यदि इम्पोर्ट गायब भयो भने बैस्वीक स्तरमा अमेरिका र पश्चिमाहरुको सारा ब्यापार, पारबहन, रणनीति, पेट्रोलियम पदार्थको कटौती र हातहतियारको बिक्रिमा कमि आउनासाथ खाजीमा इरान, चीन, अमेरिका र अन्य खाडी मुलुकका देशहरु इजराइली थिचोमिचोबाट छुटकारा पाउने छन। आज बिस्व हांक्ने शक्ति एउटा इरानको जबर्दस्त आक्रमणबाट थला पर्नै देखिन्छ। शक्ति र धन संधै एकै ठाउँमा रहन्न।शक्ति र धन अब मध्यपूर्व तिर आउनेवाला छ। त्यस्का लागी अरब मुलुकहरु फुटबाल हुँदैन एकजुट भयेर बिकास सामरिक रुपमा अब्बी हुनु पर्छ । मध्यपूर्वका दैशहरुले अमेरकी सैनिक अड्डा राख्न दिएर आफूलाइ नै धोका दिएका छना।यो युद्ध मध्यपूर्व संम मात्र सिमित रहन्न बिस्व युद्ध भयो भने त्यस्को मारमा युद्ध चाहने देशहरुनै समाप्त हुने छन । ईरानले कुनै पनि हालतमा शान्तिवार्ता र युबिराम गर्ने छैना।यूरोप जाने समुद्री मार्ग हरामुज जल डमरुलाइ इरानले बनाए गरिदियो भने धेरै देशहरु त्यस्को प्रभाबमा पर्ने जुन जल डमरू इरानको लागी सामरिक रूपले महत्वपूर्णको छायस अबस्थामा नेपालको परराष्ट्र नीतिमा असंग्लग्नता प्रमुख हो।तर नेपाल सरकार र केही नेपाली नेताहरु इन्डो अमेरिकन धुरीमा उभिएको देखिन्छ।रूस यूक्रेन युद्धमा यको पक्ष,इजराइल प्यालेस्टाइन युद्धमा इजराइलको पक्ष,पाकिस्तान र भारत युद्धमा तटस्थ नरहेर मालिक रिझाउन भारतको पक्ष र अहिले इजराइली आक्रमणलसमर्थन गरेर तटस्थताको धज्जि उडायेका छन । नेपालले संधै उत्पीडित राष्ट्र र मुक्ति युद्धलाई समर्थन गर्दै आयेको छ। मध्यपूर्वमा अस्थिरता, अशान्ति र राजनैतिक असंतुलन र आर्थिक असंतुलनमा इजराइल नै मूख्यकारण बनेको छ।

गत बर्षदेखि गाजामाथिको आक्रमण र त्यस्का सहयोगी हुथि र हजबुल्लामाथिको आक्रमणबाट उन्मत्त इजराइलले अमेरिकि आडमा आकस्मिक रुपमा इरानमाथि आक्रमण गर्यो र उस्का परमाणु रियेक्टर ध्वस्त गर्न मिसाइल आक्रमण गर्यो। इरानले इजराइली ड्रोन, बमबर्षक बिमान र मिसाइललाइ रोक्यो, तर केही मिसाइलहरुले इरानलाइ क्षेति पुर्याए। ईरानले प्रत्यक्रमण गर्यो इजराइलका सैनिक अड्डा, मोसादको हेडक्वार्टर र हतियारका भण्डारहरु इरानले ध्वस्त गर्यो । इजराइलको बचाउको लागी अमेरिका इरानका आणबिक भट्टिहरुमाथि २० घण्टा लामो यात्रा गरि बि-२ बमबर्षक बिमान र ब्यालेस्टिक मिसाइलले आक्रमण गर्यो जस्को उद्देश्य इरानको परमाणु बमलाइ निष्क्रिय पार्नु थियो, तर त्यस्ले इरानलाइ जबर्दस्त प्रतिकारमा उतार्न मदत गर्यो।अहिले इरानले इजराइल माथिमात्र होइन, खाडीमा रहेका अमेरिकी सैनिक अड्डामाथि आक्रमण गरिरहेको छ, इरान युद्धबाट पछि फर्कने स्थितिमा छैन। संसार थर्काउने अब्बल दर्जाको सैनिक र कसैले मार हान्नै नसक्ने भनियेका इजराइली आइरनडोम निष्क्रिय पारियेका छन । इजराइल चीन र रूससंग शान्ति बनाइदिन अनुनय बिनय गरि रहेका छन । १८ जुनमा हमास मनस्थितिका कारण अमेरिकाले इरानमाथि आक्रमण गर्यो, तर इरान अगाडी बढीरहेको छ । अहिले इरानको सत्ता परिवर्तन गर्न इजराइल र अमेरिकाले इरान भित्र र बाहिरबाट असन्तुष्ट इरानीहरुलाइ उचालि रहेको छ र ५० बर्ष अगाडी फालियेका शाहनुशाहका छोरा इरानको राजगद्दिमा फर्किने समय कुरेर बसेका छन्। यो खेल इजराइल र अमेरिकाको समर्थनमा बन्ने हो जस्ले इजराइललाई मदत गरोस । अमेरिकी राष्ट्रपति ट्रम्प उल्कियेर क्यानडालाई एउटा राज्य बनाउने, ग्रीनलैंडलाई नियन्त्रणमा लिने र गाजाबाट प्यालेस्टाइनलाई हटाइ ग्रेटर इजराइल बनाउने जस्ता आतङ्कपूर्ण बक्तब्य दिएर नाटो भीत्रबाटै ट्रम्प नाङ्गियेका छन । इरानसंग प्रचुर पेट्रोलियम पदार्थ हुनका साथै सामरिक महत्वको समुद्री किनारा अवस्थित छ। हर्मुज जल डमरु रोकिनासाथ २०% तेल को निकासी रोकिन्छ जस्ले बिस्व बजारलाइ ठूलो प्रभाब पार्छ, यो युद्ध हतियारले मालिंगा भन्ने कुराको संकेत हो। अन्तराष्ट्रीय रुपमा सामरिक,रणनीतिक तथा बस्तुगत स्थिति इरानको पक्षमा देखिन्छ। इजराइललाइ समर्थन गर्ने देशहरुको आम्दानीको स्रोत भनेको अविकसित मुलुकबाट सस्तोमा सुन, हिरा, पेट्रोलियम पदार्थ हुन,तर अब ती देशहरुले नाटो र अमेरिकी एलाएन्सलाइ कच्चा पदार्थ रौकि दिये भने तिनीहरुको आर्थिक स्थिति डामाडोल हुन्छ ।त्यस्कारण पश्चिमा एकाधिकारबादका बिरुद्ध चीन, रुस, भारत, ब्राजिल र द.अफ्रिका समेतको 'ब्रिक्स' संगठन निर्माण गरियेको छ जस्को उद्देश्य अमेरिकि डलर र पश्बाचिमाहरुको एकाधिकार समाप्त गर्नु हो। चीनको बी आर आइ प्रोजेक्ट्स उद्देश्य पनि रेशमी मार्गबाट संसारलाइ एक अर्कालाई जोड्ने हो। साम्राज्यबाद र बिस्तारबाद युद्ध नीतिमा विश्वास गर्छन र त्यसैको आधारमा विश्व अर्थनीति र रणनीतिलाइ आफ्नो पक्षमा प्रयोग गर्छन, दुनियाले यो कुरा बुझि सकेको छ। युद्ध सामग्री बेच्नका लागी नै अमेरिकी साम्राज्यबादले बिभिन्न देशहरुम जातीय, धार्मिक र क्षेत्रीय युद्ध गराउँछ, नत्र उस्का आम्दानीका स्रोतहरु गुमी सकेको हुन्छ, तर कुनै पनि देशहरु अमेरिकी साम्राज्यबादको रणनीति भीत्र पर्नु हुँदैन । बास्तबिक रुपमा मध्यपूर्वको राजनीतिक इतिहास लामो छ। प्राचिनकालदेखि नै त्यसभेगमा जमिन र खानबस्नका लागि निरन्तर युद्धहरु भएका थिए। कुनै देशहरु नक्साबाटै गायब भये भने कुनै देश साम्राज्यमा परिणत भये, कुनै देशहरु टुक्रिये। धर्मको उदयसँगै बर्षौंबर्ष धर्म युद्धहरु भयेयहुदी,ईशाइ र इस्लाम धर्म असहिष्णु थिए, एकले अर्का धर्मलाइ तुच्छ र सैतान भन्दै आएका छन। आज पनि त्यो धार्मिक प्रबृत्तिमा परिबर्तन भयेका छैनन् । मध्यपूर्व धार्मिक युद्धको संधै केन्द्रमा रहँदै आएको छ । इरान इजराइल युद्धले बैस्वीक स्तरमा शक्ति सन्तुलन प्रभाव पार्छ। क्षेत्रीय असंतुलन मात्र होइन, यस युद्धले विश्वब्यापी रुपमा राजनीतिक, आर्थिक र सामरिक असंतुलनको सिर्जना गर्छायस युद्धले इरान एउटा सैनिक र आर्थिक शक्ति हो भन्ने देखाउँछ, त्यस्का छिमेकी देशहरु र इजराइल अब सामरिक रूपले कंजोर हुने पक्का छ। शक्ति राष्ट्रहित खुम्चेर कंजोर हुने अबस्थामा पुगेका छन । अमेरिकी सैनिक अड्डा राख्न दिने खाडी मुलुकहरुले पनि आफ्नो अस्तित्व र सामरिक शक्तिका लागी रणनीतिक योजना तयार पार्नु पर्छ । इजराइललाइ अमेरिकी र पश्चिमा सहयोग नहुने हो । भने उस्ले केही दिनमान घुंडा टेक्नु पर्छ। त्यस्कारण उनीहरुको इजराइललाइ जबर्दस्त सहयोग भयो भने त्य युद्ध क्षेत्रीय रुपमा मात्र होइन, विश्वमा यानी रुपमा फैलने पक्का छ। इजराइलले इरानको रुद्रपुर बल्ल देखेको इजराइलको स्थापनाको ८० बर्ष पछि मात्र । चीन, रुस र पाकिस्तानबाट नैतिक समर्थन पाए पनि इरान आफ्नै ताकतमा लडेको छ भने इजराइल अमेरिकाको प्रत्यक्ष समर्थनमा लडेको छ । मध्यपूर्वमा इजराइलीहरुले र अमेरिकी बर्चस्व नगुमाउन हरेक षडयन्त्रहरु गर्दछन । स्रोतका धनि देशहरुको साम्राज्यबादी कुटील चालमा फस्नु हुँदैन । जति युद्ध हुन्छ साम्राज्यबादीहरुले आफ्ना हातहतियार, लडाकु जहाज ,बिस्फोटक पदार्थहरु युद्धरत देशहरुलाइ महंगोमा बेच्दछन र युद्धलाइ निरन्तरता दिन्छन तथा हतियारको बदलामा सुन, हिरा र पेट्रोलियम पदार्थ सस्तोमा लैजान्छन।इजराइल र अमेरिकाको हस्तक्षेपकारी युद्धले कि त सदाका लागी शान्ति ल्याउँछ कि विश्व युद्ध हुनेछ । सारा जनताले त्यस्तो बिस्व युद्ध बिरोधी मोर्चा बनाउनु पर्छ । बिश्वस्तरमा साम्राज्यबाद र बिस्ताराबाद रहन्जेल युद्ध जारी रहन्छ, त्यस्कारण साम्राज्यबाद र बिस्तारबाद बिरोधी संघर्ष अनिवर्य छ। यो साम्राज्यबाद र बिस्तारबादको घमण्डको अन्त्य हुनै पर्छ।

# तीस महिनापछि आफ्नै भवनमा उच्च अदालत

पोखरापत्र संवाददाता
बागलुङ, ६ भाद्र

आफ्नै भवन नहुँदा जिल्ला अदालतको भवनबाट सेवा प्रवाह गरिरहेको उच्च अदालत पोखरा बागलुङ इजलासले बिहीबारदेखि आफ्नै भवनबाट सेवा दिन थालेको छ।

भवन निर्माणका लागि बागलुङ बजारको रुद्रेपीपलस्थित जिल्ला अदालतबाट ३० महिनादेखि सेवा प्रवाह गरिरहेको उच्च अदातलले नयाँ भवनबाट सेवा दिन थालेको छ। उच्च अदालत पोखरा बागलुङ इजलासका रजिष्ट्रार रामबहादुर थापाले सुविधासम्पन्न भवनबाट सेवा प्रवाहका साथै अभिलेखहरूको संरक्षण गर्न सहज भएको बताउनुभयो । साढे छ तलाको आपाङ्गमैत्री भवनमा 'अण्डरग्राउड पार्किङ'सँगै न्यायाधीश आवास निर्माण गरिएको छ। भवन रु ५७ करोडमा बनेको हो ।

# तीज गीत प्रतियोगितामा बेंसी दिदीबहिनी समुह प्रथम

पोखरापत्र संवाददाता
पोखरा, ६ भाद्र

पोखरा महानगरपालिका वार्ड न. २० ले भलाममा आयोजना गरेको तेस्रो वडा स्तरीय तीज गीत प्रतियोगितामा बेंसी दिदी बहिनी समुह प्रथम भएको छ।

१६ वटा टिमले भाग लिएको प्रतियोगितामा प्रथम भएको बेसी आमा दिदीबहिनी समूहले नगद १२ हजार प्राप्त गरेको छ। द्वितीय भएको देवी डाँडा आमा समूहले नगद १० हजार र तृतीय भएको श्री सुवेदी बुहारी समूहले नगद ८ हजार प्राप्त गरेको छ। त्यस्तैगरी भेषभुषामा सुन्दर बस्ती आमा समूह उत्कृष्ट हुदैं नगद ५ हजार, उत्कृष्ट नृत्यमा सृजनशील आमा समूहले नगद ५ हजार र उत्कृष्ट स्वरमा श्री हिमालय माविले नगद ५ हजार पुरस्कार र प्रमाणपत्र प्राप्त गरेको छ भने सहभागी टिमलाई जनही एक हजार र प्रमाणपत्र प्रदान हो।

विजयी टिमलाई वडाध्यक्ष गंगा बहादुर केसीले पुरस्कार वितरण गर्दै, राष्ट्रिय पहिचान बनेका कला र संस्कृतिको संरक्षण गर्ने दायित्व हामी सबैको भएको बताउनुभयो ।संयोजक मिना पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा सहभागी टिमको लोकदोहोरी गायक तारापति सुवेदी ,प्रेमराज अधिकारी ,कमला सुनार र जीवन दाहालले मुल्यांकन गरेका थिए। त्यस अवसरमा तीज आत्मियता अन्तर्गत दिदी बहिनीलाई दर खुवाएर शुभकामना आदानप्रदान गरिएको थियो।

# सिटीवानको तीज गीत प्रतियोगितामा देवीस्थान भजन महिला समुह प्रथम

पोखरापत्र संवाददाता
पोखरा, ६ भाद्र

सिटीवान टेलिभिजनले आयोजना गरेको चौथो संस्करणको तीज गीत प्रतियोगिता २०८२ मा पोखरा २५ हेम्जाको देवीस्थान भजन महिला समुह प्रथम भएको छ।

गण्डकी प्रज्ञा प्रतिष्ठानको भानु सभाहलमा आयोजना गरिएको प्रतियोगितामा सहभागी ४० समूह मध्य अब्बल बन्दै प्रथम भएको देवीस्थानले नगद ५० हजार रुपैयाँ सहित गिफ्ट ह्याम्पर पुरस्कार स्वरुप हात पार्न सफल भयो। प्रतियोगितामा पोखरा २५ को कमलजोशी आमा समुह द्वितीय, बराह माध्यमिक विद्यालय तृतीय र हेम्जा आमा समुह सान्त्वना भयो। उनीहरूले क्रमश ३० हजार, २० हजार र १० हजार रुपैयाँ सहित गिफ्ट ह्याम्पर हात पारे। यसैगरी विधागततर्फ उत्कृष्ट नृत्य तर्फको पुरस्कार बालोदय सेकेन्डरी स्कुल, उत्कृष्ट भेषभुषाको पुरस्कार महिला क्लब पोखरा ७ र उत्कृष्ट शब्द तर्फको पुरस्कार नेशनल इन्भेन्टिभ स्कुलको हातमा पर्यो। प्रोत्साहन पुरस्कार अम्मरसिंह माध्यमिक विद्यालयले जित्यो । विधागत र प्रोत्साहन तर्फको विजेताले नगद ५ हजार सहित गिफ्ट ह्याम्पर हात पारे।

विजेतालाई गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्याल, सिटीवान टेलिभिजनका अध्यक्ष पवन कुमार प्रजापति, कार्यक्रम संयोजक वरिष्ठ सौन्दर्यविद् चिनु गुरुङ, निर्देशक हरिराज पन्त लगायतले पुरस्कार वितरण गरेका थिए । समापन कार्यक्रममा बोल्दै मन्त्री बस्यालले तीज गीत प्रतियोगिताको आयोजनाले संस्कृतिको संरक्षण गर्दै पुस्तान्तरणमा सघाउने विश्वास व्यक्त गरे । मौलिक संस्कृति र रितिरिवाजको संरक्षण गर्नुपर्नेमा जोड दिँदै उनले विकृतिको नियन्त्रण गर्दै संस्कृतिको जगेर्ना गर्नुपर्ने बताए । सन्देशमूलक प्रस्तुतीले समाजमा सकारात्मक धारणाको विकास हुने उनको भनाइ थियो । यसअगाडि प्रतियोगिताको उद्घाटन गण्डकी प्रदेशकी उपसभामुख विना कुमारी थापाले गरेकी थिइन्। उद्घाटन समारोहमा बोल्दै उपसभामुख थापाले तीज महिला एकताको दिनको रुपमा रहेको बताइन् । तीजमा भगवान र माइतीलाई सम्झने गरिएको भन्दै विगतका दिनको स्मरण मात्र गरिनन् गीत समेत सुनाइन् । विगतका दिनमा दुःख वेदनाका कुरा गीत मार्फत भन्ने गरिएकोमा त्यसपछि हक अधिकारका विषय हुँदै अहिले शिक्षा, रोजगारी, आत्मनिर्भर लगायतका विषयमा गीत गाउने गरिएको उनको भनाइ थियो । गण्डकी प्रदेश उद्योग परिसंघका अध्यक्ष धर्मराज वतौलाले गण्डकी प्रदेशको समृद्धिको लागि सरकारले पहल गर्नुपर्ने बताए । यहाँ बाझो रहेका खेतीयोग्य जमिनको पूर्ण सदुप्रयोग गरेर उत्पादन बढाउन सकेमा यहाँका जनताको आयमा वृद्धि हुने उनको विश्वास थियो । अन्य प्रदेशको तुलनामा गण्डकीका जनताको आयस्तर राम्रो देखिएपनि यसमा सन्तुष्ट हुने अवस्था भने नभएको उनको भनाइ थियो।

टेलिभिजनका उपाध्यक्ष तथा कार्यक्रम संयोजक चिनु गुरुङले प्रतियोगितालाई सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरिन् । तीज पर्वको महत्व नयाँ पुस्तामाझ पुर्याउनका लागि कार्यक्रम कोशेढुंगा सावित हुने विश्वास उनको थियो । सिटीवान टेलिभिजनका अध्यक्ष पवन कुमार प्रजापतिको अध्यक्षतामा कार्यक्रम भएको थियो।

# अनुदानले किसान पशुपालनतर्फ आकर्षित

पोखरापत्र संवाददाता
तनहुँ, ६ भाद्र

आर्थिक वर्ष २०८१/८२ मा तनहुँमा दूध उत्पादनमा वृद्धि भएको छ।

अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा ३७ लाख ९२८ मेट्रिक टन दूध उत्पादन भएकामा गत आवमा ३८ लाख ६७० मेट्रिक टन दूध उत्पादन भएको हो। उत्पादनका आधारमा प्रतिलिटर रु तीनका दरले किसानलाई अनुदान दिन थालेपछि व्यवसाय गर्ने किसानको सङ्ख्या बढ्नुका साथै र दूध उत्पादन पनि बढ्न थालेको भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्रका कार्यालय प्रमुख वरिष्ठ मत्स्य विकास अधिकृत रबिनसन अधिकारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अघिल्लो वर्ष दुधालु गाईको सङ्ख्या १३ हजार ६१० रहेकामा गत वर्ष १३ हजार ६३८ तथा भैंसीको सङ्ख्या २० हजार ६५० रहेकामा वृद्धि भई २१ हजार २४२ पुगेको छ।" जिल्लाका ११ सहकारी संस्थामार्फत ३२ लाख ४७ हजार १७८ मेट्रिक टन दूध बिक्री गरिएको छ। उहाँले भन्नुभयो, "प्रतिलिटर रु तीनका दरले अनुदान दिँदा रु ९७ लाख ४१ हजार ५३४ खर्च भएको छ।" तनहुँ दूध, मासु र अण्डामा आत्मनिर्भर भई बाह्य जिल्लामा समेत बिक्री-वितरण गर्न थालिएको वरिष्ठ मत्स्य विकास अधिकृत अधिकारीले बताउनुभयो । कुल परिवार सङ्ख्या ८८ हजार ५८३ रहेकामा कृषि पेसामा आबद्ध परिवार ५८ हजार ५९५ र पशुपन्छीपालनमा आबद्ध ४९ हजार ६४० परिवार रहेका छन्। जिल्लामा ५६ प्रतिशत घरधुरी पशुपालनमा लागेको तथ्याङ्क छ। त्यसैगरी, पाँच हजार ३७ गाई, चार हजार ४१७ भैंसी, ७६ बाख्रा र २२ बङ्गुरमा कृत्रिम गर्भाधान गरिएको उहाँले बताउनुभयो।